# प्राथमिक तहका गुरुङ बालबालिकाहरुको शैक्षिक अवस्था

(पोखरा महानगरपालिका भद्रकाली माध्यमिक विद्यालयको एक अध्ययन)

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको समाजशास्त्र विषयको आवश्यकता परिपूर्तिको लागि प्रस्तुत

## शोधपत्र


**शोधकर्ता**

जुन कुमारी गुरुङ

कक्षा रोल नं.: ०३/०६३

परीक्षा रोल नं. ४८०६३८/०६९

त्रि.वि.दर्ता नं. ६-१-४८-६०१-९८



त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

पृथ्वीनारायण क्याम्पस

पोखरा

२०७७

TRIBHUVAN UNIVERSITY
त्रिभुवन विश्वविद्यालय
Prithvi Narayan Campus
पृथ्वीनारायण क्याम्पस
(A QAA Certified Institution, Accredited by UGC, Nepal)

प.सं. :
च.नं. :

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विभागमा स्नातकोत्तर तह द्वितीय वर्षको समाजशास्त्र विषयको शोधपत्र परिपूर्तिको लागि मेरो प्रत्यक्ष निर्देशन र सुपरीवेक्षणमा रही जुन कुमारी गुरुङले **“प्राथमिक तहका गुरुङ बालबालिकाहरूको शैक्षिक अवस्था** (पोखरा महानगरपालिका भद्रकाली माध्यमिक विद्यालयको एक अध्ययन)” शीर्षकमा यो शोधपत्र तयार पार्नु भएको हो । यो शोधपत्र सम्बन्धी उहाँको कार्यप्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

तेजप्रसाद सुवेदी
शोध निर्देशक
समाजशास्त्र तथा ग्रामीण विकास विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा ।

मिति : २०७७/११/२८

**Mailing Address:** Bagar, Pokhara, Nepal बगर, पोखरा, नेपाल
**Phone:** +977-61-526837, 540222 **Email:** info@pncampus.edu.np **URL:** www.pncampus.edu.np

TRIBHUVAN UNIVERSITY
त्रिभुवन विश्वविद्यालय
Prithvi Narayan Campus
पृथ्वीनारायण क्याम्पस
(A QAA Certified Institution, Accredited by UGC, Nepal)

प.सं. :
च.नं. :

**समाजशास्त्र तथा ग्रामीण विकास विभाग**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तह दोस्रो वर्षको आवश्यकता पुरा गर्नका लागि छात्रा जुन कुमारी गुरुङ ले तयार गर्नु भएको **"प्राथमिक तहका गुरुङ बालबालिकाहरूको शैक्षिक अवस्था** (पोखरा महानगरपालिका भद्रकाली माध्यमिक विद्यालयको एक अध्ययन)" शीर्षकको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

...................................
तेजप्रसाद सुवेदी
शोध निर्देशक
समाजशास्त्र तथा ग्रामिण विकास विभाग

...................................
भरत गुरुङ
बाह्य परीक्षक

...................................
प्रा.डा. विश्वकल्याण पराजुली
विभागीय प्रमुख
समाजशास्त्र तथा ग्रामीण विकास विभाग
मितिः २०७७/११/२८

**Mailing Address:** Bagar, Pokhara, Nepal बगर, पोखरा, नेपाल
**Phone:** +977-61-526837, 540222 **Email:** info@pncampus.edu.np **URL:** www.pncampus.edu.np

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस पोखरा, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, समाजशास्त्र विभागको स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिको लागि यो शोधपत्र तयार पारिएको छ । यो शोधपत्र पोखरा महानगरपालिका-१३, भद्रकाली माध्यमिक विद्यालयको प्राथमिक तहका गुरुङ बालबालिकाहरूको शैक्षिक अवस्थाको बारेमा अध्ययन गरी तयार गरिएको हो । प्रस्तुत शोधपत्रका शोधनिर्देशक तथा पृथ्वीनारायण क्याम्पसका मानविकी संकाय, समाजशास्त्रका आदरणीय गुरु तेजप्रसाद सुवेदीज्यूले आफ्नो विशेष अनुभवद्वारा यस अनुसन्धान कार्यलाई सरल एवम् गहनतापूर्वक सम्पन्न गराउनमा विशेष भूमिका निर्वाह गर्नुभएको हुँदा यसका निम्ति म उहाँप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । समाजशास्त्र विभागका विभागीय प्रमुख प्रा.डा. विश्वकल्याण पराजुलीज्यू प्रति आभार प्रकट गर्दछु ।

प्रस्तुत यो शोध तयार गर्नको लागि आफ्नो अमूल्य सल्लाह प्रदान गर्नुहुने समाजशास्त्र विभागका आदरणीय सम्पूर्ण गुरुज्यूहरू तथा पुस्तक र अन्य सामाग्रीहरू उपलब्ध गराइदिनुहुने पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालयका पुस्तकालय प्रमुख तथा अन्य सहयोगी कर्मचारीहरूलाई पनि धेरै धन्यवाद प्रदान गर्दछु ।

क्षेत्र अध्ययनको क्रममा आफ्नो व्यस्त समयको प्रवाह नगरी मागेको सूचनाहरू प्रदान गर्नुहुने पोखरा महानगरपालिकाका भद्रकाली माध्यमिक विद्यालयका सम्पूर्ण उत्तरदाताहरूप्रति धन्यवाद ज्ञापन गर्दछु ।

मितिः २०७७/११/२६

जुन कुमारी गुरुङ

# विषय सूची


| | | पृष्ठ |
|---|---|---|
| *सिफारिस पत्र* | | *I* |
| *स्वीकृति पत्र* | | *II* |
| *कृतज्ञता ज्ञापन* | | *III* |
| *विषय सूची* | | *IV* |
| *तालिका सूची* | | *VI* |
| *शोधसार* | | *VII* |
| **अध्याय एक : परिचय** | | **१-१०** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ६ |
| १.३ | अध्ययनको उद्देश्य | ८ |
| १.४ | अध्ययनको औचित्य | ८ |
| १.५ | अध्ययनको सिमा | ९ |
| १.६ | अध्ययनको सांगठनिक ढाँचा | ९ |
| **अध्याय दुई : सन्दर्भ साहित्यको समिक्षा** | | **११-१७** |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ११ |
| २.२ | अध्ययनको सैद्धान्तिक खाका | १४ |
| २.३ | शैक्षिक उपादेयता | १६ |
| **अध्याय तीन : अनुसन्धान विधि** | | **१८-२०** |
| ३.१ | अध्ययन क्षेत्र छनौटको औचित्य | १८ |
| ३.२ | अनुसन्धान ढाँचा | १८ |
| ३.३ | जनसङ्ख्या र छलफल विधि | १८ |
| ३.४ | तथ्याङ्कको स्रोत | १९ |
| ३.५ | तथ्यांक संकलनका साधनहरू | १९ |
| ३.६ | तथ्याङ्क सङ्कलन तथा विश्लेषण प्रक्रिया | २० |

**अध्याय चारः तथ्याङ्कको व्याख्या र विश्लेषण** **२१-४५**

४.१ अध्ययन क्षेत्रको परिचय २१

४.२ गुरुङ बालबालिकाको शैक्षिक अवस्था २४

४.२.१ छनौट गरिएको विद्यालयको विद्यार्थीको विवरण २४

४.२.२ प्राथमिक उमेर समूहका गुरुङ बालबालिकाहरू २५

४.२.३ अध्ययन क्षेत्रका प्राथमिक विद्यालयमा गुरुङ विद्यार्थीहरूको उत्तिर्ण संख्या विवरण २६

४.२.४ विद्यार्थीहरूको विद्यालय उपस्थिति ३२

४.२.५ गुरुङ विद्यार्थीहरूको कक्षाकोठा क्रियाकलापमा सहभागिता ३४

४.३ गुरुङ बालबालिकाको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू ३८

४.४ गुरुङ बालकालिकाको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरू ४३

**अध्याय पाँच : अध्ययनको सारांश र निष्कर्ष** **४६-४९**

५.१ अध्ययनको सारांश ४६

५.२ अध्ययनको निष्कर्ष ४८

**सन्दर्भग्रन्थ सामग्री** **५०-५१**

**अनुसुचीहरू** **५२-५७**

# तालिका सूची


| तालिका | शिर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | भर्ना भएका विद्यार्थी विवरण | २४ |
| ४.२ | प्राथमिक विद्यालय उमेरका गुरुङ बालबालिकाको स्थिति | २५ |
| ४.३ | २०७५ सालमा उत्तिर्ण विद्यार्थी संख्या र प्रतिशत | २७ |
| ४.४ | २०७६ सालमा उत्तिर्ण हुने विद्यार्थी विवरण | २९ |
| ४.५ | ०७७ सालमा उत्तिर्ण हुने विद्यार्थी विवरण | ३१ |
| ४.६ | विद्यार्थीहरूको औषत वार्षिक उपस्थितिको अवस्था | ३३ |
| ४.७ | विद्यार्थीको कक्षाकोठा क्रियाकलापमा सहभागिता | ३४ |
| ४.८ | विद्यार्थीहरूको उपस्थिति | ३६ |
| ४.९ | गुरुङहरूको शैक्षिक उपलब्धि न्यून हुनुमा प्रभाव पार्ने तत्वहरू | ३९ |
| ४.१० | गुरुङ विद्यार्थीहरूका शैक्षिक उपलब्धी बृद्धि गर्ने उपायहरू | ४३ |

# शोधसार

प्राथमिक तहका गुरुङ बालबालिकाहरूको शैक्षिक अवस्था सम्बन्धी प्रस्तुत शोध अध्ययनका साधारण उद्देश्यहरूमा प्राथमिक तहमा अध्ययनरत गुरुङ बालबालिकाहरूको शैक्षिक अवस्था पत्ता लगाउनु, गुरुङ बालबालिकहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू पहिल्याउनु र गुरुङ बालबालिकाहरूको शैक्षिक उपलब्धि वृद्धि गर्ने उपाय सुझाउनु रहेका छन् भने यस अध्ययनको लागि छलफल विधिका साथै अन्तरवार्ता अनुसूचीका माध्यमबाट आवश्यक पर्ने प्राथमिक तथ्याङ्कहरू संकलन गरिएको छ । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, विद्यालयका प्राचार्य, स्रोत व्यक्ति, विद्यार्थी र तिनका अभिभावकहरूसँगबाट प्राथमिक तहका सूचनाहरू संकलन गरिएको छ भने विद्यालयको लेखाशाखा, प्रशासनशाखाका साथै शिक्षा तथा प्रविधि मन्त्रालयसँग आवद्ध विभिन्न शैक्षिक संघसंस्थाहरूबाट द्वितीय तथ्याङ्कहरू सङ्कलन गरी संकलित तथ्यांकहरूलाई विश्लेषण गरी आवश्यकतानुसार तालिकीकरण गरिएको छ ।

प्राथमिक तहमा अध्ययनरत गैरगुरुङ छात्रछात्राको तुलनामा गुरुङ छात्रछात्राको उपस्थिति कम देखिन्छ । प्रत्येक कक्षामा गुरुङ तथा गैरगुरुङ दुवै समूहका विद्यार्थीहरूमा कक्षा बढ्दै गए अनुसार विद्यालय उपस्थिति पनि बढेको देखिन्छ । गैर गुरुङभन्दा गुरुङ विद्यार्थीहरूको कक्षा अवलोकनको क्रममा धेरैजसो गुरुङ विद्यार्थीहरू कक्षाकोठाको पछाडि पट्टिको बेन्चमा बसेको पाइयो । गुरुङ विद्यार्थीहरूले छलफलमा सक्रिय सहभागिता, प्रश्न सोध्ने र शिक्षकले सोधेको प्रश्नको उत्तर कम दिएको पाइयो ।